# बुढानीलकण्ठ नगरपालिका

बुढानीलकण्ठ नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः- ५ सङ्ख्याः- ४ मितिः- २०७९।०८।१५

## भाग-२

# बुढानीलकण्ठ नगर छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७९

बुढानीलकण्ठ नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बुढानिलकण्ठ नगर कार्यपालिकाको मिति २०७९।८।११ को बैठकबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

बुढानीलकण्ठ नगरपालिकाले शैक्षिक विकासका विभिन्न क्षेत्रमा काम गरिरहेकोमा नेपालको संविधान २०७२ तथा स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माद्यमिक शिक्षाको सुनिश्चितता गर्न छात्रवृत्ति कोषको स्थापना गर्ने र उक्त कोषमा नगरपालिका भित्रका संस्थागत विद्यालयबाट प्राप्त छात्रवृत्ति कोटा बापतको रकमसमेत रहने व्यवस्था रहेकोले उक्त कोषको संरक्षण, सम्बर्द्धन तथा सञ्चालन गर्न बुढानिलकण्ठ छात्रवृत्ति कोष सञ्चालन कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नामः **बुढानिलकण्ठ नगर छात्रवृत्ति कोष सञ्चालन कार्यविधि २०७९** रहने छ ।

(ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुने छ ।

### २. परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) **छात्रवृत्ति कोष सञ्चालन कार्यविधि** भन्नाले बुढानिलकण्ठ नगर छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई बुझिने छ ।

(ख) **कोष** भन्नाले बुढानीलकण्ठ नगरपालिकाद्वारा सञ्चालन हुने छात्रवृत्ति कोषलाई बुझिने छ ।

(ग) **शैक्षिक ऋण** भन्नाले प्राविधिक तथा व्यावसायिक उच्च शिक्षा हासिल गर्नका लागि कोषबाट प्रदान गरिने निश्चित अवधिको ऋणलाई बुझिने छ ।

(घ) **छात्रवृत्ति कोष सञ्चालक समिति** भन्नाले बुढानिलकण्ठ नगरपालिकाको नगर शिक्षा समितिलाई बुझिने छ ।

(ङ) **नगरपालिका** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक सिमानाभित्रको क्षेत्रलाई बुझिने छ ।

३. **लक्ष्य**: (क) बुढानीलकण्ठ नगरपालिकाबाट शिक्षा क्षेत्रमा गरिने लगानीलाई एकीकृत र व्यवस्थित गरी बढी उपयोगी, पारदर्शी बनाई नगरको समग्र शैक्षिक विकासमा गुणात्मक सुधार गर्ने ।

(ख) बुढानिलकण्ठ नगर क्षेत्रका लक्षित उमेरका बालबालिकाहरूको लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माद्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

४. **उद्देश्यः** यस कोषको उद्देश्य तपसिलका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने र सञ्चालन गर्न सहयोग वा सहकार्य गर्ने हुनेछ ।

(क) शिक्षाका मूलधारमा आउन नसकेका बालबालिकाहरूलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

(ख) गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्तिमार्फत सहयोग पुऱ्याउने ।

(ग) सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउने ।

(घ) प्राविधिक तथा व्यावसायिक विषयमा उच्च शिक्षाका लागि शैक्षिक ऋण उपलब्ध गराउने ।

(ङ) सामाजिक उत्तरदायित्व वहनमा संस्थागत विद्यालयहरूसँग सहकार्य गर्ने, गराउने ।

(च) आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन अनुदान सहयोग उपलब्ध गराउने ।

(छ) शिक्षणमैत्री वातावरणका लागि शिक्षक, अभिभावक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) अनौपचारिक शिक्षा तथा तालिम कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने ।

(झ) बालविकासका लागि प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा सहयोग गर्ने ।

(ञ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग गर्ने ।

(ट) अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष किसिमका सिप तथा क्षमतामूलक तालिमको सञ्चालनमा सहयोग गर्ने ।

(ठ) अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षा सञ्चालनका लागि सहयोग गर्ने ।

(ड) आवासीय तथा दिवा आवासीय विद्यालय सञ्चालन गर्ने ।

(ण) पोषणयुक्त दिवा खाजा, नियमित स्वास्थ्य जाँच र मातृभाषामा आधारभूत तहसम्म पठन पाठनको सुनिश्चितता गर्ने ।

(त) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।

## परिच्छेद-२

५. **कोष सञ्चालनसम्बन्धी संस्थागत संरचना**: यस कोषको सञ्चालन तथा व्यवस्थापनका लागि बुढानीलकण्ठ नगरपालिकाको शिक्षा समितिले कोष सञ्चालक समितिको काम गर्ने छ । तर कोषको बजेट विनियोजन र परिचालनसम्बन्धी निर्णयमा नगर प्रमुखको उपस्थिति अनिवार्य हुने छ ।

६. **शिक्षा समितिको काम, कर्तव्य र अधिकार**: नगर शिक्षा व्यवस्थापन कार्यविधि २०७५ मा उल्लेख भएका कामका अतिरिक्त कोष सञ्चालन सम्बन्धमा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) कोष परिचालनका लागि वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेस गर्ने ।

(ख) कोष वृद्धिका लागि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त गर्ने ।

(ग) कोषको उद्देश्यअनुसारका कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक निर्णय लिइ कार्यान्वयनका लागि नगर कार्यपालिकामा पेस गर्ने ।

(घ) कोषको वार्षिक प्रगति प्रतिवेदन तयार पारी नगरपालिकामा पेश गर्ने ।

(ङ) आवश्यकतानुसार विशेषज्ञहरूबाट सल्लाह तथा सुझाव प्राप्त गर्ने ।

(च) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठकको आयोजना गर्ने छ ।

## परिच्छेद-३

७. **छात्रवृत्ति कोषको स्रोतसम्बन्धी व्यवस्था**: छात्रवृत्ति कोषमा देहायबमोजिमका रकम जम्मा हुने छ :

(क) नगरपालिकाबाट विनियोजन गरिएको रकम

(ख) स्वैच्छिक रूपमा जनप्रतिनिधि, शिक्षक, कर्मचारी, व्यापारी, चन्दादाता, विद्यालय, गैर सरकारी सङ्घ संस्था, टोल विकास समिति, वडा कार्यालय लगायतका व्यक्ति र निकायबाट प्राप्त रकम

(ग) नगर सभाको निर्णयअनुसार शैक्षिक करबाट जम्मा हुने रकम

(घ) निसन्तान दम्पतीबाट आफ्नो शेषपछि हस्तान्तरण हुने सम्पूर्ण नगद जिन्सी सम्पत्ति

(ङ) बुढानीलकण्ठ स्थित विभिन्न विद्यालयका अल्मुनाइबाट स्वैच्छिक रूपमा संकलन हुने रकम

(च) बुढानीलकण्ठ नगर छात्रबृत्ति कोष सञ्चालन कार्यविधि २०७९ ले तोकेबमोजिम अन्य कार्य

८. संस्थागत विद्यालयहरूले अनिवार्य तथा आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा आधारभूत शिक्षा नियमावली २०७७ अनुसार प्रदान गर्ने छात्रवृत्ति कोटाको ५० प्रतिशत कोटा यस छात्रवृति कोषमार्फत छनोट गरिने छ । कुनै विद्यालयले छात्रवृति कोटा बराबर बार्षिक रूपमा हुन आउने रकमसमेत उक्त कोषमा जम्मा गर्न चाहेमा जम्मा गर्न सक्नेछन् ।

९. छात्रवृत्ति कोषको रकम खर्च तथा परिचालन गरिने क्षेत्रहरू: यसै कार्यविधिको दफा ४ मा उल्लेखित उद्देश्यअनुरूपका कार्यक्रमहरू सञ्चालन गर्न, सञ्चालनमा सहयोग र सहकार्य गर्न यस कोषको रकम खर्च तथा परिचालन गरिने छ ।

१०. प्राविधिक तथा व्यावसायिक उच्च शिक्षाका लागि ऋृण प्रदान गर्दा सहुलियत व्याजदरमा शैक्षिक प्रगतिको आधारमा चरणबद्ध रूपमा प्रदान गरिने छ । अध्ययन पूरा गरी रोजगार वा व्यावसाय सुरूवात गरेको दोस्रो

महिनाबाट मासिक पारिश्रमिकको ५० प्रतिशतका दरले हुन आउने रकम शैक्षिक ऋण फिर्ता कोषमा क्रमिक रूपमा जम्मा गर्नु पर्ने छ ।

११. नगरपालिका क्षेत्रका पूर्ण असहाय तथा अनाथ बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न सञ्चालनमा रहेका विद्यालयमध्ये उपयुक्त विद्यालयलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गरिने छ । आर्थिक सामाजिक हिसाबले पछि परेका समुदायका बालबालिकाको लागि दिवा आवसीय विद्यालय सञ्चालन गरिने छ ।

१२. बौद्धिक अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न आवश्यक विद्यालयको स्थापना गरी सञ्चालन गरिने छ ।

## परिच्छेद-४

१३. कोषको सञ्चालनसम्बन्धी व्यवस्था : नगर शिक्षा समितिको निर्णयअनुसार कोषको सञ्चालन र व्यवस्थापन गरिने छ ।

१४. प्रतिवेदन पेस गर्ने : नगर शिक्षा समितिले यस कोषको सञ्चालनको अवस्था, कोषबाट सञ्चालित कार्यक्रमको उपलब्धि लगायत लक्षित समूहसम्म कार्यक्रम पुगे नपुगेको यकिन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेस गर्ने छ ।

१५. यस छात्रवृत्ति कोषमा चल अचल सम्पत्ति दान गरी पुण्य आर्जन गर्न चाहने व्यक्तिहरूका नाममा छुट्टै छात्रवृत्ति अक्षय कोष स्थापना गर्ने परोपकारी व्यक्ति तथा संस्थालाई सम्मान गरिने छ ।

१६. **हाम्रो सहयोग विपन्न बालबालिकाको भविष्य निर्माणका लागि** भन्ने अभियान सञ्चालन गरिनेछ । यस अभियानमा नगर क्षेत्रका लब्धप्रतिष्ठित प्रत्येक व्यक्तिहरूबाट स्वत:स्तफूर्त रूपमा सहयोग सङ्कलन गर्न सकिने छ ।

## परिच्छेद-५

**१७. कोषको खाता सञ्चालन तथा लेखा परीक्षण :**

(क) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख र आर्थिक प्रशासन शाखाका कुनै कर्मचारीको संयुक्त दस्तखतमा कोषको नाममा छुट्टै बैङ्क खाता खोली सञ्चालन गरिने छ । बुढानीलकण्ठ नगरपालिकाको लेखा परीक्षणसँगै यस कोषको पनि लेखा परीक्षण गरिने छ ।

(ख) नगर शिक्षा समितिको निर्णयबमोजिम कोषको रकम खर्च गरिने छ ।

१८. **कार्यविधि संशोधन** : यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्ने छ ।

१९. **खारेजी र बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरू प्रचलित कानुनसँग बाझिएको हदसम्म अमान्य हुने छ ।

आज्ञाले
भुवनेश्वर लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७९।०८।१३

# बुढानीलकण्ठ नगरपालिका

बुढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः- ५ संख्याः- ४ मितिः- २०७९।०८।१५

## भाग-२

# बुढानीलकण्ठ नगर छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७९

बूढानीलकण्ठ नगरपालिका
हात्तीगौँडा, काठमाण्डौ
बागमती प्रदेश, नेपाल ।

| | | |
|---|---|---|
| **प्रकाशक** | **:** | **बुढानीलकण्ठ नगरपालिका<br>हात्तिगौडा, काठमाडौं<br>बागमती प्रदेश** |
| **फोन नं.** | **:** | **०१-४३७२७२५** |
| **इमेल** | **:** | **budhanilkanthamun@gmail.com** |
| **वेबसाइट** | **:** | **www.budhanilkanthamun.gov.np** |
| **मूल्य** | **:** | **रू ५०।-** |